# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा, बागमती प्रदेश, नेपाल

**गृहिणी महिला सशक्तीकरण कार्यक्रममा सहभागी हुन इच्छुक गृहिणी महिलाहरुले निवेदन पेश गर्ने सम्बन्धी सूचना।**

**सूचना प्रकाशित मिति: २०८१।११।२७**

तामाकोशी गाउँपालिका र बागमती प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, काभ्रेपलाञ्चोकका बीच गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० बमोजिम भएको साझेदारीमा कार्यक्रम सञ्चालन सम्बन्धी द्विपक्षीय सम्झौता अनुसार चालु आ.व. २०८१।८२ मा यस गाउँपालिका क्षेत्र भित्रका गृहिणी महिला/महिला समूहहरुको लागि देहायँका सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक महिलाहरुले तपसिलका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (चैत १२ गते) भित्र कार्यालय समयमा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्न हुन सम्बधित सबैमा जानकारिका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

**क) तालिम सम्बन्धी विवरण:** (एकाघरको एकजनाले मात्र आवेदन दिन सक्ने।)

| क्र.सं. | कार्यक्रम सम्बन्धी विवरण | तालिम अवधि | तालिमको लागि छनौट गर्नुपर्ने संख्या | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सावुन बनाउने तालिम | १५ दिन | २० जना | १ | |
| २ | सावुन बनाउने तालिम | १५ दिन | २० जना | २ | |
| ३ | झोला तथा ज्याकेट बनाउने तालिम | १५ दिन | २० जना | ३ | |
| ४ | आधुनिक र व्यावसायिक कृषि प्रवर्द्धन (सिस्नो प्रशोधन तथा प्याकेजिङ) तथा लोकल कुखुरा पालन तालिम | १५ दिन | २० जना | ४ | |
| ५ | सावुन बनाउने तालिम | १५ दिन | २० जना | ५ | |
| ६ | आधुनिक र व्यावसायिक कृषि प्रवर्द्धन (एलोभेरा, बेसार, अदुवा र च्याउ खेती) तथा व्यावसायिक कुखुरा पालन तालिम | १५ दिन | २० जना | ६ | |
| ७ | नौमति बाजा बजाउने तालिम | १५ दिन | २० जना | ७ | |

**ख) प्रस्तावकको योग्यता:**

१. सम्बन्धित वडाको स्थायी बासिन्दा,

२. अन्यत्र कुनै संघसस्था वा निकायमा (करार वा स्थायी) कार्यरत नरहेको,

३. २० वर्ष पुरा भई ५५ वर्ष उमेर ननाघेको तथा घरायसी कार्यमा संलग्न विवाहित/अविवाहित/एकल महिला,

४. तालिमसँग सम्बन्धित व्यवसाय गरिरहेका वा व्यवसाय गर्न इच्छुक,

५. यस गाउँपालिकाबाट अन्य कुनै किसिमको सीप विकास तालिम नलिएको र अन्य कुनै निकायबाट यसै प्रकृतिको तालिम/सहयोग प्राप्त नगरेको।

**ग) संलग्न गर्नुपर्ने कागजातहरु:**

१. रीतपूर्वक भरिएको तोकिए अनुसारको ढाँचामा सम्बन्धित गृहिणी महिला/समूहको निवेदन

२. समूहको हकमा निर्णयको प्रति

३. नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी

४. पासपोर्ट साइजको फोटो २ प्रति

५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

६. विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी

**घ) प्राथमिकता:**

विपन्न, दलित, सीमान्तकृत, लोपोन्मुख, सहिद परिवार, एकल महिला, अपाङ्गता भएको महिला, बेरोजगार र आर्थिक रुपले विपन्न महिलालाई प्राथमिकताको आधारमा सहभागी छनौट गरिनेछ।

**ङ) तालिम सञ्चालन प्रक्रिया:** कार्यविधिको दफा १२ बमोजिम सम्बन्धित वडाको वडास्तरीय छनौट समितिले दफा ८ को सहभागी छनौटको आधारमा छनौट गर्ने २० जना गृहिणी महिलाहरुको लागि सम्बन्धित वडाको पायक पर्ने स्थानमा गाउँपालिकाद्वारा कार्यक्रम सञ्चालन गरिनेछ।

थप जानकारीका लागि सम्पर्क ९८५१२०५६८४ (कार्यक्रम संयोजक: पवनराज फुयाल)

**प्रमुख प्रशासकीय अधिकृत**

२०८१।११।२७

कार्यालय प्रयोजनको लागि
दर्ता नं.
मितिः

फोटो

श्री तामाकोशी गाउँपालिका, वडा नं. .......... कार्यालय
तामाकोशी गाउँपालिका, दोलखा।

विषयः गृहिणी महिला सशक्तीकरण सम्बन्धी सीपमूलक तालिममा सहभागी हुन पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा श्री तामाकोशी गाउँपालिकाको कार्यालय, जफे, दोलखाबाट सञ्चालन हुने ................................................................................................................................ विषयको सीपमूलक तालिमका लागि मिति २०८१।११।२७ गतेमा प्रकाशित प्रशिक्षार्थी माग सम्बन्धी सूचना अनुसार आ.व. २०८१/०८२ को लागि तपशिल बमोजिमको तालिममा सहभागी भई प्रशिक्षण लिन इच्छुक भएकोले आवश्यक विवरण तथा कागजात सहित यो आवेदन पेश गरेको / गरेकी छु। साथै तालिम अवधिभर प्रचलित नियम कानूनको अधिनमा रहि अनुशासनपूर्वक तालिम हासिल गर्नेछु।

१. आवेदकको नामः
देवनागरी लिपिमाः श्री / सुश्री / श्रीमतीः ...................................................................................
**अंग्रेजीमा : Mr. / Miss / Mrs.: ..........................................................................................**
२. आवेदकको ठेगाना
स्थाईः ..........................................................................................................................
अस्थाईः ........................................................................................................................
प्रशिक्षार्थीको सम्पर्क फोनः ......................................................
अभिभावकको सम्पर्क फोनः ....................................................
३. शैक्षिक योग्यताः ..........................................................................................................
४. जन्म मितिः ................................................................
५. आवेदकको वर्गः ( चिन्ह लगाउनुस )
क. दलित  ख. जनजाती / आदिवासी  ग. अपाङ्ग ( किसिम खुलाउने।  घ. अन्य
६. बावुको नामः ...................................................................
७. पतिको नामः ...................................................................
८. आमाको नामः .................................................................
९. पेशाः ..............................................................................
१०. तालिम लिन चाहेको विषयः ...........................................................................................
११. तालिम लिन चाहेको कारणः ...........................................................................................
१२. वैवाहिक स्थितिः विवाहित / अविवाहित / एकल
१३. परिवार संख्याः

संलग्न कागजातः
१. नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपीः ( १ प्रति )
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीः ( १ प्रति )
३. हालसालै खिचेको पासपोर्ट साइजको फोटोः (२ प्रति )
४. विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी

मितिः २०८१/......./.......

...............................
आवेदकको सही